परेका परिवारलाई १½ (एक विगहा दश कट्ठा) विगहा र २५ रोपनीभन्दा बढी जग्गा परेका परिवारलाई राष्ट्रिय निकुञ्जमा परेको जग्गाको परिमाण हेरी १½ (एक विगहा दश कट्ठा) देखी बढीमा २½ (दुई विगहा दश कट्ठा) विगहासम्म जग्गा छुट्याई दिई दर्ता गरी दिने ।

(३) आयोगको उपर्युक्त कामसंग सम्बन्धित परी आउने अन्य समस्याहरूको फछ्र्यौट गर्ने ।

(ग) आयोगको कार्यविधि र इजलास: (१) आयोगको कार्यविधि काम शुरू गरेको मितिले ३ (तीन) महीनाको हुनेछ ।

(२) आयोगले आफ्नो इजलास आवश्यकतानुसार आफ्नो क्षेत्रभित्र कुनै पनि ठाउँमा कायम गर्न सक्नेछ ।

आज्ञाले–
मी. सु. प्रकाशमान सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३६।१२।८ को निर्णयानुसार देहायबमोजिम सेती र महाकाली अञ्चल वन बसोबाससम्बन्धी समस्या समाधान अधिकार सम्पन्न आयोग गठन गरेको छ ।

(क) आयोगको गठन विधि:

(१) माननीय खाद्य कृषि सहायक मन्त्री, श्री मदनबहादुर प्रधान – अध्यक्ष
(२) सम्बन्धित अञ्चलका अञ्चलाधीश – सदस्य
(३) सेती महाकाली वन सर्कलका कन्जरभेटर – सदस्य-सचिव

(ख) आयोगको काम कर्तव्य: (१) सेती अञ्चल कैलाली जिल्लाका वन र सरकारी जग्गा अतिक्रमण गरी बसोबास गरेकालाई उठाउन पर्ने देखिएमा उठाई पुनर्वास नियमानुसार व्यवस्थित बसोबास गराउने, नम्बरीको जरीयाबाट कसैले दर्ताभन्दा बढी जग्गा भोग गरेको भएमा त्यसरी भोग गरेको जति बढी जग्गा झिकी पुनर्वास नियमानुसार वितरण गर्ने, वन र बसोबास सम्बन्धमा गठित समितिलाई आवश्यक निर्देशन दिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६३

(२) कञ्चनपुर जिल्लाको वन बसोबाससम्बन्धी योजना कार्यान्वयन गर्न उपयुक्त वातावरणको सिर्जना गराउनुको साथै सम्बन्धित सबै निकायलाई बढी सक्रिय गराउने, योजना अनुरूप बसोबासको निमित्त छुट्याइने वन क्षेत्रमध्ये बसोबासको लागि उपयुक्त नभएका जग्गाहरू वन नै कायम गरी बसोबास लायक जग्गा छुट्याउन लगाउने ।

(३) वन सीमाना कायम गर्दा व्यवहारिकतालाई दृष्टिगत गरी समस्या समाधान गराउने ।

(४) दर्तावाला र अव्यवस्थित बसोबास गर्ने व्यक्तिहरूको बीचमा उठे तनाव र समस्यालाई सरजमिनसमेत बुझी समाधान गराउने ।

(५) आयोगको उपर्युक्त कामसंग सम्बन्धित परी आउने अन्य समस्याहरूको फछ्र्यौट गर्ने ।

(ग) आयोगको कार्यावधि र इजलास: (१) आयोगको कार्यावधि काम शुरू गरेको मितिले ३ (तीन) महीना तोकिएको छ ।

(२) आयोगले आफ्नो इजलास आवश्यकतानुसार आफ्नो क्षेत्रभित्र कुनै पनि ठाउँमा कायम गर्न सक्नेछ ।

आज्ञाले–
मी.सु. प्रकाशमान सिंह
श्री ५ को सरकारको सचिव

५६७

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।